मधेश प्रदेश सरकार

**वन तथा वातावरण मन्त्रालय**

जनकपुरधाम, धनुषा

फोन नं. ०४१-५२७०१२
Website: moitfe.p2.gov.np
Email :moitfep2@gmail.com


मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय जनकपुरधाम, नेपाल

मितिः २०८२/१२/२४

## "वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोग कार्यक्रम" स्थगित सम्बन्धी सूचना

यस मन्त्रालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चालु तर्फको क्र.स. २.७.७.८, खर्च शीर्षक २२५२२ र क्र.स. २.७.७.९, खर्च शीर्षक २२५२२ मा **"वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानका लागि अनुदान (Thesis Grant) सहयोग कार्यक्रम"** कार्यान्वयनको क्रममा रहेको सन्दर्भमा श्री अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम बाट **वित्तीय सन्तुलन** कायम गर्न बजेट खर्च कटौती एवं रोक्का गर्ने सम्बन्धी मिति २०८२/१०/२२ प.सं. २०८२/८३ च.नं. ४३८ को पत्रमार्फत यस कार्यक्रम शीर्षक अन्तर्गतको खर्च नगर्ने गरी रकम रोक्का गर्ने निर्देशन प्राप्त भएको हुँदा साथै **"आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट कार्यान्वयन गर्नको लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१"** वमोजिम २०८२/१०/१२ मा गठन गरिएको सहजिकरण समितिको २०८२/१२/२४ गतेको निर्णयानुसार उक्त कार्यक्रमको लागि विनियोजित बजेट फुकुवा हुने/नहुने विषयमा हालसम्म कुनै निश्चित टुङ्गो नलागेको, फुकुवा भएमा समेत उल्लेखित कार्यविधि बमोजिम सम्बन्धित रिसर्च प्रपोजल स्वीकृत भई विद्यार्थीहरूले फिल्ड अध्ययनमार्फत आवश्यक तथ्यांक संकलन गरी अन्तिम प्रतिवेदन तयार गरि यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने अवस्था रहेको हुंदा कार्यविधिमा तोकिएको समय सीमा भित्र कार्यान्वयन गर्न प्राविधिक एवं व्यावहारिक रूपमा समेत कठिन भएकोले सो कार्यक्रम **स्थगित गरिएको** सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।